"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर : १३३३

मिति : २०८२/०७/२५
ने.सं.११४६ कछलागा ७, मंगलबार

श्री शिक्षा तथा खेलकुद शाखा
व्यास नगरपालिका, तनहुँ ।

विषयः निर्णय कार्यान्वयन गर्नु गराउनु हुन ।

प्रस्तुत बिषयमा नेपाल सरकार अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मन्त्रिपरिषद्को २०८२ असोज ५ गतेको निर्णयले स्थानीय तहमा स्वीकृत दरबन्दी भन्दा बाहेकका अस्थायी र करार कर्मचारी हटाउन अनुत्पादक खर्च कटौती गर्न, आयोजनाहरुको पुनर्प्राथमिकीकरण गर्न र मितव्ययिता कायम गर्न लगायतका यावत बिषय राखी लेखी आएको व्यहोरा विधितै छ ।यस नगरपालिकाको असोज २२ को कार्यपालिका बैठकबाट उपरोक्त सबै बिषय सम्वन्धमा अध्ययन गरी पेश गर्न समिति गठन गरेकोमा समितिले पेश गरेको प्रतिवेदन सुशासन समितिबाट पारित भइ नगर कार्यपालिकामा पेश भएकोमा शिक्षा तर्फ स्वीकृत दरबन्दी भन्दा बाहिरका ३४ जना स्वयंसेवक शिक्षक कर्मचारी र ८ जना ECD शिक्षक कर्मचारी गरी ४२ जना करार सेवामा रहेकोले नगर कार्यपालिकाको कार्तिक १६ गतेको २२५ औ बैठकको निर्णयले".....*हाल कतिपय विद्यालयहरु समायोजन भई शिक्षक व्यवस्थापन गर्नुपर्ने देखिंदा शिक्षा प्राप्त गर्ने अधिकार विषयगत शिक्षक, विद्यार्थी संख्या समेतलाई मध्यनजर दिई आन्तरिक श्रोतका सबै शिक्षक हटाउने गरी शिक्षक दरबन्दी मिलान गर्न त्यस शाखाका प्रमुख श्री केदारराज आचार्यको संयोजकत्वमा समिति गठन गरेकाले..*." यस्ता आन्तरिक स्रोत तर्फका सबै स्वयंसेवक शिक्षक र ECD शिक्षकहरुलाई हटाइ नगर कार्यपालिकाको निर्णय मुताविक २०८२ मंसिर मसान्तभित्रै दरबन्दी मिलानको कार्य सम्पन्न गर्नुहुन जानकारी गर्दछु।यो पत्रलाई अटेर गरी अनेक वहानामा निजहरुलाई निरन्तरता दिनु नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयको विपरित हुने, हरेक बर्षको अडिट रिपोर्टले यस्तो नियुक्ति प्रचलित कानुन बिपरित भएकाले सुधार गर्नुपर्दछ भन्ने व्यहोरा उल्लेख गरी भुक्तानी भएको रकमलाई बेरुजु कायम गर्दा गर्दै पुन निरन्तरता दिनु भनेको महालेखाको सुझाबको प्रतिकुल हुने, यस नगरपालिकाको मिति २०८२ कार्तिक १६ गते बसेको नगर कार्यपालिका बैठकका करीब सबै जसो सदस्यले यस सम्वन्धमा कानुन विपरित जान नसकिने राय दिई हटाउन निर्णय गरेकोमा पुनः निरन्तरता दिनु कार्यपालिका बैठकको निर्णयको समेत अवज्ञा हुने र मिति २०८२ कार्तिक १६ गतेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रको भावनालाई नजर अन्दाज गरेको र सोही मिति २०८२/०७/२१ को संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दोस्रो पत्रको निर्देशनलाई समेत पालना नगरेको देखिने हुनाले उपरोक्त सबै निर्णय/निर्देशन/सुझाब/रायहरुलाई शिरोधार्य गर्दै २०८२ मंसिर १ गतेदेखी लागु हुने गरी सेवाबाट विदा गरिदिन सबै सरोकारवाला विद्यालयलाई परिपत्र गर्नु गराउनु हुन जानकारी गर्दछु।

.........................
(सुकदेव लम्साल)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :-

श्री लेखा शाखा,
व्यास नगरपालिका, तनहुः मंसिर १ गतेदेखीको निजहरुको तलबभत्ता निकाशा नगर्नु नगराउनु हुन ।

श्री सुचना प्रविधि शाखा,
व्यास नगरपालिका, तनहुँ- वेवसाइटमा अपलोड गर्नुहुन ।